# रुरुक्षेत्र गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
बलेटक्सार, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल ।

च.नं. : ९६
प.सं. :०७९/०८०

करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना ।
प्रथम पटक प्रकाशित मिति: २०७९/०४/१६

यस गाउँपालिकाको लागि देहायको पद र संख्यामा गाउँपालिका अन्तर्गत कामकाज गर्ने गरी सेवा करारमा कर्मचारी भर्ना गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**माग गरिएको पदको विवरण**

| विज्ञापन नं. | पद | तह | संख्या | आवश्यक योग्यता |
|---|---|---|---|---|
| ०१/२०७९-०८० | स्टाफ नर्स | सहायक पाँचौ | १ (एक) | लोकसेवा आयोगको मापदण्ड बमोजिम |
| ०२/२०७९-०८० | अ.न.मी. | सहायक चौथो | २ (दुई) | लोकसेवा आयोगको मापदण्ड बमोजिम |
| ०३/२०७९-०८० | खा.पा.स.टे. | सहायक चौथो | १ (एक) | लोकसेवा आयोगको मापदण्ड बमोजिम |
| ०४/२०७९-०८० | ना.प्रा.स. (कृषि) | सहायक चौथो | १ (एक) | लोकसेवा आयोगको मापदण्ड बमोजिम |
| ०५/२०७९-०८० | ना.प्रा.स. (पशु) | सहायक चौथो | १ (एक) | लोकसेवा आयोगको मापदण्ड बमोजिम |

**तपसिल**

१. उमेर : दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पुरा भै ३५ बर्ष ननाघेको । महिलाको हकमा ४० बर्ष ननाघेको ।
२. छनौटको आधार: प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परिक्षा र अर्न्तबार्ता ।
३. दरखास्त बुझाउने अन्तिम मिति: २०७९ श्रावण ३० गते सोमबार कार्यालय समयसम्म हुनेछ ।
४. पारिश्रमिक तथा सुविधा: गाउँपालिकाले तोके बमोजिम ।
५. करार अबधि: करार संझौता भएको मितिले ६ महिनाको हुनेछ । आवश्यकता अनुसार करार अवधि थप गर्न सकिनेछ ।
६. काम गर्नुपर्ने स्थान: रुरुक्षेत्र गाउँपालिका अन्तर्गत ।
७. प्रारम्भिक योग्यताक्रमको सूचीमा पर्न सफल उम्मेद्वारहरु मात्र लिखित परीक्षामा सहभागि हुन पाउने छन् ।
८. लिखित परीक्षा र अर्न्तबार्ताको मिति प्रारम्भिक योग्यताक्रम प्रकाशन गर्ने बखत तोकिनेछ ।
९. संलग्न गर्नुपर्ने कागजातहरु: नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, न्यूनतम शैक्षिक योग्यताको प्रतिलिपी, अनुभवको प्रतिलिपी र २ प्रति पासपोर्ट साइजको फोटो ।
१०. दरखास्त फारम रुरुक्षेत्र गाउँपालिकाबाट प्राप्त गर्न सकिनेछ ।
११. उम्मेद्वार भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी कुनै कारबाही नभएको र नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको हुनुपर्नेछ ।
१२.दरखास्त दस्तुर: रु. ५००/-यस कार्यालयको मेगा बैंक बलेटक्सारमा रहेको आन्तरिक राजस्व खाता (खाता नं. ३०७००१००००११२) मा जम्मा गरी सक्कल भौचर पेश गर्नुपर्ने छ ।
१३. जानकारीको लागि यस कार्यालयको फोन नं. ०७९-४१०१०४ र कार्यालय प्रमुख श्री मधुकृष्ण पौड्यालको सम्पर्क नं. ९८५७०६७९१६ मा सम्पर्क गर्न सकिनेछ ।

मधुकृष्ण पौड्याल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

# रुरुक्षेत्र गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**बलेटक्सार, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल ।**


च.नं. : ९८
प.सं. :०७९/८०

## प्राविधिक सहायक तथा रोजगार सहायक कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७९/०४/१६**

यस रुरुक्षेत्र गाउँपालिकाको रोजगार सेवा केन्द्रमा रिक्त तथा आवश्यक रहेको तपशिल बमोजिमको पदमा कर्मचारी खुला प्रतिस्पर्धाबाट करारमा पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दरखास्त आह्वान गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | आवश्यक संख्या | आवेदन शुल्क | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०६/२०७९-८० | रोजगार सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ (एक) | रु. ५००/- | |
| २ | ०७/२०७९-८० | प्राविधिक सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ (एक) | रु. ५००/- | |

**शर्तहरु:**

१. आवश्यक न्यूनतम योग्यता र अनुभव

क) **१. रोजगार सहायक** : नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।

**२. प्राविधिक सहायक** : सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाण पत्र तह वा ओभरसियर वा डिप्लोमा तह उत्तीर्ण भएको ।

ख) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

ग) आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको ।

घ) प्रचलित कानूनद्वारा अयोग्य नभएको ।

२. दरखास्त दिने स्थान : रुरुक्षेत्र गाउँकार्यपालिकाको कार्यालय, बलेटक्सार, गुल्मी ।

३. दरखास्त दिने अन्तिम मिति : **२०७९/०४/३०** गते कार्यालय समय भित्र ।

४. छनौटको किसिम : प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक र अन्तरवार्ता ।

५. आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु : नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी, न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र, तालिमको प्रमाणपत्र, अनुभव भए सोको कागजात र २ प्रति पासपोर्ट साईजको फोटो ।

६. सेवा सुविधा तथा अन्य : स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ ।

७. प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन हुँदा लिखित र प्रयोगात्मक परीक्षाको मिति तोकिनेछ ।

८. लिखित तथा प्रयोगात्मक परीक्षाको पाठ्यक्रम स्थानीय तहमा प्राविधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को अनुसूची-६ बमोजिम हुनेछ ।

९. दरखास्त दस्तुर : यस कार्यालयको मेगा बैंक बलेटक्सारमा रहेको आन्तरिक राजस्व खाता नं. ३०७००१००००११२ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्ने छ ।

१०. थप जानकारीको लागि सम्पर्क नं.: यस कार्यालयको फोन नं. ०७९-४१०१०४, कार्यालय प्रमुख : ९८५७०६७९१६

**मधुकृष्ण पौड्याल**
**प्रमुख प्रशासकीय अधिकृत**